कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम (R-HVAP)

# प्रदेश स्तरीय कार्यक्रम व्यवस्थापन कार्यालय (PMO)

वीरेन्द्रनगर, सुर्खेत

IFAD Investing in rural people

## सह-लगानीमा उच्च मूल्य कृषिवस्तु उत्पादन प्रवर्द्धन कार्यक्रममा आशय निवेदन पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः२०८३/०४/२० गते**

नेपाल सरकार र कृषि विकासको लागि अन्तर्राष्ट्रिय कोष (IFAD) को सम्झौता बमोजिम संचालित यस उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम (R-HVAP), प्रदेश स्तरीय कार्यक्रम व्यवस्थापन कार्यालय (PMO), सुर्खेतको R-HVAP कार्यक्रम लागु भएका तपसिलको स्थानीय तहमा आ.व. २०८३-०८४ को स्वीकृत बजारमुखी पर्यावरणीय उच्च मूल्य कृषिवस्तु (Agro-ecological High Value Commodity) उत्पादन र साना कृषि सिंचाई (Small Scale irrigation) कार्यक्रममा सह-लगानी गर्न चाहने कृषिसंग सम्बन्धित इच्छुक समूह/सहकारी/समितिलाई यस प्रदेशस्तरीय कार्यक्रम व्यवस्थापन कार्यालय (PMO), सुर्खेत वा कार्यालयको वेबसाइट pmorhvap.karnali.gov.np को अनुदान व्यवस्थापन सफ्टवेयर (SMS) अनलाइन मार्फत अनुसूचि-१.१ अनुसारको निवेदन पेश गर्न हुन अनुरोध छ।

**तपसिल**

| जिल्ला | क्र.सं. | स्थानीय तह | सह-लगानीमा प्रवर्द्धन हुने उच्च मूल्य कृषिवस्तुहरू |
|---|---|---|---|
| दैलेख | १ | आठबिस न.पा | कृषि वन प्रणालीमा फलफूल बाली (सुन्तलाजात/आँप/ओखर), मसला बाली, तरकारी र मौरीपालन, पशुपन्छी पालन (गाई/भैंसी/बाखा/स्थानीय कुखुरा)। |
| | २ | महाबु गा.पा | |
| | ३ | भैरवी गा.पा | कृषि वन प्रणालीमा फलफूल बाली (सुन्तलाजात/ओखर/केरा/कफी), मौरीपालन, मसला बाली, तरकारी र पशुपन्छी पालन (गाई/भैंसी/बाखा/स्थानीय कुखुरा) । |
| | ४ | भगवतीमाई गा.पा | |
| सुर्खेत | ५ | लेकबेशी न.पा. | कृषि वन प्रणालीमा फलफूल बाली (सुन्तलाजात/आँप/लिची केरा/कफी), मौरीपालन, बीउ उत्पादन, तरकारी, मसला बाली र पशुपन्छी पालन (गाई/भैंसी/बाखा/स्थानीय कुखुरा)। |
| | ६ | गुर्भाकोट न.पा | |
| | ७ | चिङ्गाड गा.पा. | कृषि वन प्रणालीमा फलफूल (सुन्तलाजात/ओखर/आँप/कफी), मौरीपालन, तरकारी, मसला बाली र पशुपन्छी पालन (गाई/भैंसी/बाखा/स्थानीय कुखुरा), । |
| | ८ | बराहताल गा.पा. | कृषि वन प्रणालीमा फलफूल बाली (सुन्तलाजात/केरा/आँप/लिची/कफी), मौरीपालन, मसलाबाली, तरकारी बाली र पशुपन्छी पालन (गाई/भैंसी/बाखा/स्थानीय कुखुरा)। |
| | ९ | पञ्चपुरी न.पा | |
| | १० | चौकुने गा.पा. | |

**नोटः** पर्यावरणीय कृषिको लागि आवश्यक रैथाने बाली, मिश्रित बाली, अन्तरबाली, माटोको उर्वराशक्ति बढाउने बाली, फलफूलको हकमा फिलर बिरुवा र कभर बिरुवा (जस्तैः मेवा, भुईकटहर), परागसेचक, वानस्पतिक विषादीजन्य बिरुवा,औषधीय तथा सुगन्धित वनस्पती (टिमुर ,रिट्ठा, दालचिनी) पर्यावरणमैत्री नवीनतम फलफूल र बायोफेन्सिंग सम्बन्धी क्रियाकलाप संचालनको लागि पनि प्रस्ताव गर्न सकिनेछ। थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नम्बर ०८३-५९०२६९ वा सूचना अधिकारीको नम्बर ९८५८०२८२६५ मा सम्पर्क गर्न सक्नुहुनेछ।

**निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू**

१) समूह/सहकारी/समिति दर्ता प्रमाणपत्रको प्रतिलिपि।

२) प्रस्तावित कार्यक्रम/क्रियाकलापहरू संचालन गर्न इच्छुक भएको र वित्तीय तथा व्यवसायिक साक्षरता (FEBL) कक्षा संचालन आवश्यक भएको समूह/सहकारी/समितिको निर्णय प्रतिलिपि ।

**निवेदन पेश गर्दा समूह/सहकारीले ध्यान दिनुपर्ने कुराहरू**

१) सम्भव भएसम्म सम्पूर्ण निवेदनहरू अनुदान व्यवस्थापन सफ्टवेयर (SMS) अनलाइन प्रणालीबाट संकलन गरिनेछ, सहजीकरणको लागि यस कार्यालयबाट सम्बन्धित पालिकामा खटिएका कृषि प्राविधिक र सामाजिक परिचालकसंग समन्वय गर्न सक्नुहुनेछ।

२) निवेदन पेश गर्न कुनै राजश्व तिर्नु पर्ने छैन।

३) चालु आर्थिक वर्ष २०८३/०८४ को अवधिभर निवेदन पेश गर्न सकिनेछ ।

४) एउटा समुदाय/टोल/कलष्टर/गाउँ (Cluster/Village Based Approach) बाट कम्तिमा १०० घरधुरी (प्रति घरधुरी कम्तिमा औसत १.५ रोपनी तथा चारवटा कृषक समूह) ले एकै प्रकारको कृषिजन्य वस्तु उत्पादन गर्ने पकेट क्षेत्र वा सो भन्दा कम समूह/कृषक भएको हकमा एकमुष्ट रूपमा कम्तिमा १०० घरधुरी बराबर तोकिएको क्षेत्रफल हुनुपर्नेछ । सहकारीको हकमा कम्तिमा ५ ओटा कृषक समूहहरू (१२५ घरधुरी र प्रति घरधुरी कम्तिमा औसत १.५ रोपनी) को व्यवसायिक योजना सहित हुनुपर्नेछ ।

५) HVAP, ASDP तथा ASHA आयोजनाबाट लाभान्वित कृषि समूहले पनि निवेदन पेश गर्न सक्नेछन र उक्त समूहको विगत तथा हालको कार्यसम्पादन अवस्थाको प्राविधिक मुल्यांकन गरि छनौट गर्न सकिनेछ ।

६) एकीकृत कृषि खेति (कृषि, पशुपन्छी तथा बाली विविधता) भएको, बिषादी न्यून प्रयोग हुने गाउँ/क्षेत्रलाई प्राथमिकता दिइनेछ।

७) तरकारी खेतीको हकमा उत्पादन हुने सिजनमा सडक पहुँच भएको र बजारीकरण गर्न सकिने हुनुपर्नेछ ।

८) सम्बन्धित वडास्तर कृषक समुदाय केन्द्रित छलफल (FGD) र अगुवा कृषक/मुख्य सरोकारवाला सर्वेक्षणबाट पहिचान भएका प्राथमिकता प्राप्त बालीवस्तु सहित कार्यपालिका स्तरीय निर्णय वा स्थानीय तहको ५ वर्षे पर्यावरणीय कृषि योजना (Palika-Agroecological Plan/PAP) स्वीकृत पश्चात निवेदनहरूको प्राविधिक मूल्याङ्कन गरि छनौट गरिनेछ।हावापानी, भौगोलिक तथा व्यावसायिक रूपमा उपयुक्त निवेदकहरूलाई छनौट प्रक्रियामा लगिनेछ।अत्याधिक रासायनिक विषादी प्रयोग हुने गाउँ/टोलमा कार्यक्रम संचालन गरिने छैन ।

९) निवेदन फर्मेटको ढाँचा अनुसूची-१.१ कार्यालयको वेबसाइट pmorhvap.karnali.gov.np मा राखिएको छ।

**सह-लगानी सिमा**

१) बजारमुखी पर्यावरणीय कृषि उत्पादन कार्यक्रम सह-लगानी कुल लागतको बढीमा ५०% (पचास प्रतिशत) हुनेछ।

२) कृषि सिंचाई पूर्वाधार सह-लगानी कार्यालयको तर्फबाट अधिकतम ८५% (पचासी प्रतिशत) हुनेछ र सूचनामा उल्लेखित कृषिजन्य वस्तु उत्पादन नहुने क्षेत्रमा सिंचाई पूर्वाधार निर्माण गरिने छैन।

**प्रदेश कार्यक्रम व्यवस्थापक**